जिल्ला समन्वय समितिको कार्यालय,
जाजरकोट

जिल्ला समन्वय समितिको कार्यालय
जाजरकोट
कर्णाली प्रदेश नेपाल



सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वत प्रकाशन

मिति २०८२ साल माघ १ गतेदेखि २०८२ चैत्र मसान्त सम्मको स्वतः प्रकाशन

नि. जिल्ला समन्वय अधिकारी

## विषयसूची


- जिल्ला समन्वय समितिको कार्यालय,जाजरकोटको स्वरुप र प्रकृति
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटको काम, कर्तव्य र अधिकार
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटमा रहने कर्मचारी र कार्य विवरण
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटबाट प्रदान गरिने सेवा
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोट सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटमा सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
- जिल्ला समन्वय समितिको कार्यलय, जाजरकोटमा निर्णय गर्ने प्रक्रिया र अधिकारी
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटको निर्णय उपर उजुरी सुन्ने अधिकारी
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटले सम्पादन गरेको कामको विवरण
- जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोटका सूचना अधिकारी र प्रमुखको नाम र पद
- ऐन, नियय, विनियम वा निर्देशिकाको सूची
- आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण
- अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण
- निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
- जिल्ला समन्वय समिति, जाजरकोटले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन
- कार्यालयको वेवसाइट, सामाजिक सञ्जाल र सम्पर्क विवरण
- जिल्ला समन्वय समिति, जाजकोटले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी
- जिल्ला समन्वय समिति, जाजरकोटमा सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण
- जिल्ला समन्वय समिति, जाजरकोटले सूचनाहरु अन्यत्र प्रकाशन गरेको विवरण
- अनुसूचीहरु


प्र. जिल्ला समन्वय अधिकारी

## १. जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति

नेपालमा सङ्घीयता कार्यान्वयन गर्ने सिलसिलामा संवत २०७३ मा जिल्ला समन्वय समितिहरुको गठन गरिएको हो। नेपालको संविधानको धारा ५६ को उपधारा (४) अनुसार जिल्ला सभालाई स्थानीय तहको रुपमा परिभाषित गरिएको छ। संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। सो धाराको उपधारा (२) अनुसार जिल्ला सभामा जिल्ला गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख र उपप्रमुखहरु सदस्य रहने व्यवस्था छ। उपधारा (३) मा जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसंख्यक सहित वढिमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समिति गठन गर्ने व्यवस्था रहेको छ। उल्लेखित व्यवस्था अनुसार संवत २०७४ माजिल्ला समन्वय समितिको प्रथम निर्वाचन भयो र श्री मन बहादुर रावलज्यूको अध्यक्षतामा नौ सदस्यीय जिल्ला समन्वय समिति, जाजरकोटको गठन भयो। उक्त समितिको पाँच वर्षीय कार्यकाल समाप्त भएपछि संवत २०७९ मा पुन: दोश्रो पटक जिल्ला समन्वय समितिको निर्वाचन भयो र श्री काली बहादुर खत्रीज्यूको अध्यक्षतामा नौ सदस्यीय जिल्ला समन्वय समिति, जाजरकोट वहाल रहेको छ।

कर्णाली प्रदेश सरकारले जिल्ला सभा सञ्चालन कार्यविधि ऐन २०७७ जारी गरी जिल्ला सभा सञ्चालनलाई नियमित, निर्देशित र व्यवस्थित गरेको छ। जस अनुसार जिल्ला सभाको नियमित वैठक वर्षमा एक पटक वस्नुपर्ने व्यवस्था गरिएको छ भने सभाको एक चौथाई सदस्यहरुले सभाको वैठक वस्न आवस्यक छ भनी लिखित माग गरेमा एक भन्दा बढि पटक समेत सभाको वैठक बस्न सक्ने व्यवस्था गरिएको छ।

संविधानको धारा २२० को उपधारा (७) मा जिल्ला सभाले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकावीच समन्वय कायम गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन मूल्याङ्कन गर्ने, जिल्लामा रहेका सङ्घीय, प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकावीच समन्वय कायम गर्ने र प्रदेश कानून वमोजिमका अन्य कार्यहरु गर्नेगरी काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ मा समेत जिल्ला सभाको काम, कर्तव्य र अधिकारहरु व्यवस्थित गरिएका छन्। जस अनुसार जिल्लाको विकास समस्या र आवस्यकता पहिचान, प्रामिकीकरण र सन्तुलित विकास गर्न अन्तर तह तथा जिल्ला भित्रका अन्तर निकाय समन्वय गर्ने, विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, विकास समस्या समाधानको लागि सम्बन्धित निकायलाई पृष्ठपोषण गर्ने, पालिकाहरुवीच उत्पन्न हुने विवाद समाधानको लागि समन्वय गर्ने जस्ता प्रमुख जिम्मेवारीहरु तोकिएका छन्।

जिल्ला समन्वय समितिको जिम्मेवारीहरु र पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधाहरुलाई व्यवस्थित गर्न कर्णाली प्रदेश सभाबाट जिल्ला सभा सञ्चालन कार्यविधि ऐन २०७५, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७जस्ता कानून तर्जुमा भएका छन् भने कर्णाली प्रदेश सरकारबाट नदि तथा खानीजन्य श्रोत उत्खनन्, सङ्कलन तथा विक्रिवितरणलाई व्यवस्थित गर्ने कार्यविधि २०७९ जारी गरी जिल्लाभित्रका नदि तथा खानीजन्य श्रोत उत्खनन्, सङ्कलन तथा विक्रिवितरण कार्यको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिलाई प्रदान गरिएको छ। त्यसैगरी जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७६ जारी गरी जाजरकोट जिल्लास्थित कर्णाली प्रदेश सरकारका निकायहरुबाट सञ्चालन गरिएका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी समेत तोकिएको छ।

जिल्ला समन्वय समितिहरुको गठन भएदेखि नै नेपालको संविधान, सङ्घीय र प्रादेश कानूनहरुले तोकेका जिम्मेवारीहरु उपलब्ध सीमित मानव तथा आर्थिक श्रोत र साधनभित्र रही सम्पादन गर्ने प्रयास गरिंदै आएको छ। नेपालमा सङ्घीयता कार्यान्वयन भएपछि संवत २०७९ मा दोश्रो पटक जिल्ला समन्वय समितिको निर्वाचन पश्चात् ९ जना निर्वाचित पदाधिकारीहरुको जिल्ला समन्वय समिति गठन भएको छ। साविक जिल्ला विकास समिति खारेज भएपश्चात् उक्त जिल्ला विकास समितिको चल, अचल सम्पत्ति,जिन्सी सामाग्री र कागजातहरु जिल्ला समन्वय समितिलाई हस्तान्तरण भएकोले यस समितिलाई जग्गा, भवन र जिन्सी सामाग्रीको अभाव थिएन। साविक जिल्ला विकास समितिको स्वामित्वमा रहेका पाँचवटा भवन जिल्ला समन्वय समितिलाई हस्तान्तरण भएको र पुरातत्व विभागको स्वामित्वमा रहेको रातो दरवार समेत जिल्ला समन्वय समितिकै उपयोगमा रहेको हुँदा कार्यालय भवन, सभा हल र कर्मचारी तथा पदाधिकारी आवासको अभाव थिएन।

संवत २०८० कार्तिक १७ गते जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका वार्ड नंवर १ को रामीडाँडा केन्द्रविन्दु भई गएको भूकम्पको कारण जिल्ला समन्वय समितिको स्वामित्व र प्रयोजनमा रहेका ५ वटा भवनहरुमध्ये चारवटा भवनहरु पुन: प्रयोग गर्न नसकिने गरी क्षति भएका छन्। क्षति भएका भवनहरुमा जिन्सी सामाग्री र कागजातहरुको भण्डारण वाहेक अन्य प्रयोजनमा प्रयोग गर्न सकिएको छैन। भूकम्पको कारण पुन: प्रयोग गर्न नसकिने गरी क्षति नभएको ६ कोठे १ वटा भवन मात्र बाँकी रहेको हुँदा सोही भवनबाट कार्यालय सञ्चालन र कर्मचारी तथा पदाधिकारी

आवासको लागि सोही भवन प्रयोग गर्नुपर्ने वाध्यता रहेको हुँदा कर्मचारी तथा पदाधिकारीको लागि सहज कार्यकक्ष समेत व्यवस्थापन गर्न नसकिएको अवस्था रहेको छ।

माथिको हरफमा उल्लेखित जिल्ला समन्वय समिति, जाजरकोटको समस्या समाधान गर्न भूकम्पबाट क्षति भएका र कार्यालय सञ्चालन तथा आवासका लागि आवस्यक पर्ने भवनहरुको पुनर्निर्माण गर्नुपर्ने, दरवन्दी अनुसारका जनशक्ति पदपूर्ति गर्नुपर्ने आवस्यक देखिएको छ। विद्यमान समस्याहरुको समाधान गर्दै संविधान तथा कानूनले तोकेका जिम्मेवरी पूरा गर्न पर्याप्त अधिकार तथा श्रोतको व्यवस्था गरिएमा मात्र जिल्ला समन्वय समितिहरु गठनको औचित्य सावित हुने देखिन्छ।

२. जिल्ला सभा/जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार तल उल्लेख भए वमोजिम रहेका छन्-

(अ) नेपालको संविधान

नेपालको संविधानको धारा २२० को उपधारा (७) मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार व्यवस्था गरिएको छ-

(क) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकावीच समन्वय गर्ने,
(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
(ग) जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकावीच समन्वय गर्ने,
(घ) प्रदेश कानून वमोजिम अन्य कार्यहरु गर्ने।

(आ) स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जिल्ला सभालाई माथिको प्रकरण (अ) तोकिएका अतिरिक्त देहाय वमोजिमका काम, कर्तव्य र अधिकार तोकिएका छन्-

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकावीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवस्यक समन्वय गर्ने,
(ख) जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनको विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफल सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवस्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश र सँघसँग समन्वय गर्ने,

(घ) जिल्लाभित्र रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकावीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकावीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप र विपद व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकार सँघ संस्था र निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवस्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएका दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

(इ) <u>कर्णाली प्रदेश सरकारबाट जारी गरिएका विभिन्न कानून अनुसार जिल्ला समन्वय समितिलाई तोकिएका कार्यहरु तल उल्लेख गरिएका छन्-</u>


(क) कर्णाली प्रदेश सरकारबाट जारी गरिएको जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७६ जारी गरी जाजरकोट जिल्लास्थित उक्त प्रदेश सरकारका निकायहरुबाट सञ्चालन गरिएका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको छ,

(ख) कर्णाली प्रदेश सरकारबाट जारी गरिएको नदि तथा खानीजन्य श्रोत उत्खनन, सङ्कलन तथा विक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि २०७९ जारी गरी जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिबाट जाजरकोट जिल्लाभित्रका नदि तथा खानीबाट हुने प्राकृतिक श्रोतको उत्खनन तथा उपयोग सम्बन्धी कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको छ

प्रि. जिल्ला समन्वय अधिकारी

## ३. जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या र कार्य विवरण

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरुको प्रमुख र उपप्रमुखहरु सदस्य रहेको जिल्ला सभा रहने व्यवस्था छ। जिल्ला सभाले सभाका सदस्यहरुमध्येबाट निर्वाचित गरेको प्रमुखको नेतृत्वमा ९ सदस्यीय जिल्ला समन्वय समिति रहेको छ। सभा र समितिको प्रशासनिक कार्य गर्नको लागि नेपाल सरकारका उपसचिवको नेतृत्वमा १२ जना कर्मचारीहरुको दरबन्दी रहेको जिल्ला समन्वय समितिको कार्यालयको समेत व्यवस्था गरिएको छ। समन्वय समितिका प्रमुखको कार्यतालिका व्यवस्थापन र प्रशासनिक कार्यमा सहयोग गर्नको लागि प्रमुखको निजी सचिवालयमा नायब सुब्बा स्तरको कर्मचारीको व्यवस्था गरिएको छ। नेपाल सरकारबाट स्वीकृत जिल्ला सभा, जिल्ला समन्वय समिति र समितिको कार्यालयको संगठन संरचना तलको चित्रमा उल्लेख गरिएको छ।



नेपाल सरकारबाट स्वीकृत दरबन्दी तेरिज अनुसार जिल्ला समन्वय समितिको कार्यालयको दरबन्दी तेरिज र पदपूर्ति तलको तालिका तपसिल बमोजिम रहेको छ।

तपसिल

| सि.नं. | पदनाम | सेवा, समूह | श्रेणी | संख्या | पदपूर्ति | रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | प्रशासन, सा.प्र. | रा.प. द्वितीय | १ | - | १ | |
| २ | शाखा अधिकृत | प्रशासन, सा.प्र. | रा.प. तृतीय | १ | १ | - | |
| ३ | इन्जिनियर | इन्जि., सिभिल | रा.प. तृतीय | १ | १ | - | |
| ४ | नायव सुब्बा | प्रशासन, सा.प्र. | रा.प.अ. प्रथम | १ | १ | - | |
| ५ | लेखापाल | प्रशासन, लेखा | रा.प.अ. प्रथम | १ | १ | - | |
| ६ | सव इन्जिनियर | इन्जि., सिभिल | रा.प.अ. प्रथम | १ | १ | - | |
| ७ | खरिदार | प्रशासन, सा.प्र. | रा.प.अ. द्वितीय | १ | १ | - | |
| ८ | हलुका सवारी चालक | | श्रेणी विहीन | २ | १ | १ | करार |
| ९ | कार्यालय सहयोगी | प्रशासन, सा.प्र. | श्रेणी विहीन | ३ | ३ | - | करार |
| जम्मा | | | | १२ | १० | २ | |

## ४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा

- बुँदा नं. २ मा उल्लिखित भए बमोजिम र सोसँग सम्बन्धित सबै प्रकारका सेवाहरु,
- विभिन्न निकायहरुबीच समन्वय र अनुगमन सम्बन्धी कार्यहरु,
- कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी कार्यहरु
- विभिन्न सरकारी गैरसरकारी संघ/संस्थाहरुको व्यवस्थापन सम्बन्धी कार्यहरु,
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम स्वीकृतीको लागि समन्वय गर्ने,
- विभिन्न संघ, संस्था र कार्यालयहरुलाई आवश्यकता बमोजिम सिफारिस उपलब्ध गराउने,
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुबीच आवश्यकता बमोजिम समन्वयात्मक भूमिकाका कार्यहरु,
- जि.स.स. मौज्दात कोष सञ्चालन र कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यहरु।
- यस त्रैमासिकमा कार्यालयले सम्पादन गरेको कामको विवरण देहाय बमोजिम रहेको छ ।

नि. जिल्ला समन्वय अधिकारी

## ५. जिल्ला समन्वय समितिको कार्यालयमा सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखा | शाखा प्रमुखको नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवस्थापन | रिक्त | उप-सचिव (जि.स.अ.) | |
| २ | व्यवस्थापन | नारायण जंग पाण्डे | शाखा अधिकृत | |
| ३ | अनुगमन तथा मूल्याङ्कन | मेनुका भण्डारी | इन्जिनियर | |
| ४ | व्यवस्थापन | विष्णु बहादुर गिरी | नावय सुब्बा | |
| ५ | आर्थिक प्रशासन/व्यवस्थापन | हरी बहादुर पुन | लेखापाल | |
| ६ | अनुगमन तथा मूल्याङ्कन | टीका थापा | सव- इन्जिनियर | |
| ७ | जिन्सी/ व्यवस्थापन | खड्क बहादुर बुढा | खरिदार | |
| ८ | आवश्यकतानुसार सबै | पवन बुढा | हलुका सवारी चालक | |
| ९ | आवश्यकतानुसार सबै | १. शान्त बहादुर बस्नेत<br>२. मोहनीदेवी डाँगी<br>३. लोकेन्द्र बहादुर कार्की | कार्यालय सहयोगी | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरु निःशुल्क रुपमा र यथाशक्य छोटो समयमा प्रदान गरिदैं आईएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- शाखासँग सम्बन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने,
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाटै हुनुपर्ने भनी तोकिएका कामहरु कार्यालय प्रमुखबाट निर्णय हुने,
- नीतिगत तथा व्यवस्थापन सम्बन्धी कार्यहरु जिल्ला समन्वय समिति प्रमुखबाट हुने,
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने,
- नीतिगत निर्णयहरु, कार्यक्रम तथा वजेट स्वीकृत जिल्ला सभाबाट हुने।

समन्वय अधिकारी

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी,
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जिल्ला समन्वय समिति प्रमुख,
- सूचना अधिकारीको निर्णय उपर परेको उजुरी जिल्ला समन्वय अधिकारी,
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्य व्यवहारबारे गुनासो सम्बन्धी उचित सम्बोधन गर्ने जिल्ला समन्वय अधिकारी।

## ९. यस त्रैमासिकमा जिल्ला समन्वय समितिले सम्पादन गरेको कामको विवरण

- जिल्ला समन्वय समितिको बैठक संख्याः ३
- अनुगमन गरिएको आयोजना संख्या प्रतिवेदनः १५
- जिल्लास्थित स्थानीय तहको असल अभ्यास तथा सिकाई सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन।

## १०. सूचना अधिकारि र प्रमुखको नाम र पद

(क) कार्यालय प्रमुखः- निमित्त जिल्ला समन्वय अधिकारी, श्री नाराणय जंग पाण्डे

(ख) सूचना अधिकारीः- नावय सुब्बा, विष्णु बहादुर गिरी

**जिल्ला समन्वय समितिको कार्यालय**

**जाजरकोट**

**कर्णाली प्रदेश, नेपाल**

**सूचना अधिकारीको विवरण**



**नाम** : विष्णु बहादुर गिरी

**पद**: नायब सुब्बा (रा.प.अनं.प्रथम)

**फोन** : ९८५८०६२२८६,९८५८०६२२८७

**ईमेल** : giribishnu280@gmail.com

## ११. ऐन नियम विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६३
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- उपभोक्ता हित संरक्षण ऐन, २०७५
- वातावरण संरक्षण ऐन, २०७६
- विपद व्यवस्थापन ऐन, २०७४

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवर

| ब.उ.शी.नं. | वार्षिक बजेट | तेस्रो त्रैमासिक (माघ-चैत्र) | कै. |
|---|---|---|---|
| चालु खर्च | १,६९,६२,०००।- | २८,०९,४४८.६८।- | |
| बहुक्षेत्रिय पोषण कार्यक्रम | १,००,०००।- | ०.००। | |
| प्रदेश सरकार चालु खर्च | १५,००,०००।- | १,०६,८००।- | |
| राजस्व | - | ४,२००।- | |

## १३. तोकिए बमोजिम अन्य विवरण

सरकारको नीति, नियम तथा कार्यक्रम र जिल्लाको सन्तुलित विकासको लागि आवश्यकता अनुसार अन्य जिम्मेवारी वहन गरिएको।

## १४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

जिल्लाका निकायहरुको समीक्षा प्रतिवेदन, निकायले सम्पादन गर्ने कार्यमा समन्वय/सहजीकरण, सुशासन, अनुगमन, जिल्ला सभा लगायत जिल्लाको समग्र समृद्धिको लागि विभिन्न कार्यक्रम, तालिम, अन्तरक्रिया गरिएको।

नि. जिल्ला समन्वय अधिकारी

१६. निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

आवश्यकता अनुसार समन्वय र परिचालन हुने गरेको

१६. जिल्ला समन्वय समिति, जाजरकोटले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

- वार्षिक प्रतिवेदन कार्यालयको वेभसाइटः dccjajarkot.gov.np मा उपलब्ध छ।
- वार्षिक समीक्षा/कार्यदक्षता प्रतिवेदन कार्यालयको वेभसाइटः dccjajarkot.gov.np मा उपलब्ध छ।
- कार्यालयका अन्य सूचना तथा प्रतिवेदनहरु वेभसाइटको सम्बन्धित ट्याबहरुमा उपलब्ध छन्।

१७. कार्यालयको वेवसाइट, सामाजिक सञ्जाल र सम्पर्क विवरण

कार्यालयको वेभसाइटः dccjajarkot.gov.np
कार्यालयको सम्पर्क नं. ०८९४३०२८७
कार्यालयको इमेल ठेगानाः dccojajarkot@gmail.com

१८. जिल्ला समन्वय समिति, जाजकोटले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी

सूचनाहरु आवश्यकता अनुसार वर्गीकरण गर्ने गरिएको तथा अभिलेखहरु व्यवस्थापन गर्ने कार्य अगाडी बढाइएको छ।

१९. जिल्ला समन्वय समिति, जाजरकोटमा सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

यस अवधिमा कुनै पनि सूचना मागको लागि निवेदन नआएको।

२०. जिल्ला समन्वय समिति, जाजरकोटले सूचनाहरु अन्यत्र प्रकाशनको विवरण

जिल्ला समन्वय समिति, जाजरकोटको वेभसाइट तथा राष्ट्रियस्तरका पत्रपत्रिकाहरु एवं जिल्लास्तरका पत्रपत्रिकाहरुमा आवश्यकता अनुसार प्रकाशन गर्ने गरिएको छ।

नि. जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
जाजरकोट
कर्णाली प्रदेश नेपाल

अनुसूची:-१

जिला समन्वय समिति, जाजरकोटका पदाधिकारीज्यूहरुको विवरण

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | काली बहादुर खत्री | प्रमुख | ९८४२६६४५३६ |
| २ | दल बहादुर सिंह | उपप्रमुख | ९८६८०७५०६५ |
| ३ | खड्क बहादुर बुढा | सदस्य | ९८५८०२२२१३ |
| ४ | चित्र प्रसाद शर्मा | सदस्य | ९८५११७८२१५ |
| ५ | जित बहादुर रोकाय | सदस्य | ९८६८९२५०५४ |
| ५ | विन्दु शाह | सदस्य | ९८६७३६२०९२ |
| ६ | पानसा सिंह | सदस्य | ९८४३२९६५९२ |
| ७ | नन्दकला वि.क. | सदस्य | ९७६७९११६४२ |
| ८ | विनिता नेपाली | सदस्य | ९७६६६८९४१३ |

कार्यालयमा राखिएको नाम थर, वतनबोर्ड

# जिल्ला समन्वय समिति जाजरकोटका पदाधिकारीहरूको विवरण

| क्र.सं. | नाम | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | काली बहादुर खत्री | प्रमुख | छेडागाड न.पा.-११, जाजरकोट | ९८४२६६४५३६ |
| २ | दल बहादुर सिंह | उपप्रमुख | बारेकोट गा.पा.-४, जाजरकोट | ९८६८०७५०६५ |
| ३ | खडक बहादुर बुढा | सदस्य | छेडागाड न.पा.-८, जाजरकोट | ९८५११७८२१५ |
| ४ | चित्र प्रसाद शर्मा | सदस्य | नलगाड न.पा.-४, जाजरकोट | ९८५८०२२२१३ |
| ५ | जित बहादुर रोकाय | सदस्य | कुशे गा.पा.-५, जाजरकोट | ९८६८९२५०५४ |
| ६ | बिन्दु शाही | सदस्य | भेरी न.पा.-३, जाजरकोट | ९८६७३६२०९२ |
| ७ | पानसा सिंह | सदस्य | बारेकोट गा.पा.-५, जाजरकोट | ९८४३२९६५९२ |
| ८ | नन्दकला वि.क. | सदस्य | भेरी न.पा.-२, जाजरकोट | ९[illegible] ९७६७९११६४२ ०४ |
| ९ | विनिता नेपाली | सदस्य | कुशे गा.पा.-८, जाजरकोट | ९७६६६८९४१३ |

Scanned with CamScanner


जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
जाजरकोट
कर्णाली प्रदेश नेपाल

अनुसूचीः-२

अनुगमनका तस्विरहरु

नलगाड नगरपालिका वडा नं. ५ र बारेकोट गाउँपालिका ८ जोड्ने पुल



नि. जिल्ला समन्वय अधिकारी

(Jika)


आपतकालीन  विद्यालय पुनःनिर्माण आयोजना प्याकेज नम्बरः ESRP-०१ जाजरकोटद्वारा निर्माण भएका विद्यालयहरुको अनुगमन

नलगाड नगरपालिका वडा नं. ५ स्थित जनकल्याण आ.वि.



लि. जिल्ला समन्वय अधिकारी

कर्णाली प्रदेश नेपाल



नि. जिल्ला समन्वय अधिकारी

भेरी नगरपालिका वडा नं. १२ स्थित भगवती मा.वि.



नि. जिल्ला समन्वय अधिकारी

भेरी नगरपालिका वडा नं ५ स्थित काफलचौरमा




भेरी नगरपालिका वडा नं ९ स्थित दीपेन्द्र मा.वि



नि. जिल्ला समन्वय अधिकारी

भेरी नगरपालिका वडा नं ८ स्थित मष्टा आ.वि.



नि. जिल्ला समन्वय अधिकारी


छेडागाड नगरपालिका निर्माणधिन प्रशासकीय भवन र सोहीसँग निर्मित अन्य भवनहरुको अनुगनमका

तस्विर





जनज्ञान कुञ्ज क्याम्पस, छेडागाड नगरपालिका वडा नं. ३ दशेरा अनुगमनका तस्विर।



नि. जिल्ला समन्वय अधिकारी

जनप्रिय मा.वि., छेडागाड नगरपालिका वडा नं. ३ दशेरा अनुगमनका तस्विर।



नि. जिल्ला समन्वय अधिकारी


मध्यपहाडी राजमार्ग अन्तर्गत कुदु कार्कीगाउँ खण्ड छेडागाड नगरपालिका वडा नं. १३ स्थित

कार्कीगाउँ अनुगमनका तस्विर।



नि. जिल्ला समन्वय अधिकारी

साल्मा खोला पुल छेडागाड नगरपालिका वडा नं. १ र ५ जोड्ने पुलको अनुगमनका तस्विर।



नि. जिल्ला समन्वय अधिकारी